# शरीर

आभास

सुमिरण भन्छे–
तिम्रा औंला
सुमसुम्याउदाको अनुभूति
'च्याट्' गर्दाको भन्दा
बिलकुल भिन्दै

विपुल भन्छ–
तिम्रा आँखा
निहार्दाको संवेग
'इमेल' लेख्दाको भन्दा
अद्भूत फरक

म सोच्छु–
हामी यस्तै
फरक
फरक
अनुभूति
र संवेगका परिणाम

हाम्रो यो जुनी
शरीरदेखि
शरीरसम्मको यात्रा
युगौंदेखि निरन्तर
शरीरकै कथा

कविहरू भन्छन्–
शरीर
हृदयसम्मको यात्रा आरम्भ गर्ने
एउटा पुल रे !

नायक, नायिका
सुमुम्याइरहेछन्
कविकै सामु
शरीरका हरेक अङ्ग
अधर
स्तन
र लिङ्ग

मेरो एउटा मित्र छ
वरिष्ठ संवाददाता
भन्दैछ,
भोलिको हेडलाइन यस्तो हुनेछ–
*'शरीरहरू पहिरोले ध्वस्त*
*र सयौं मन बेपत्ता ।'*

•